मिति: २०८२/२/८ (बिहीबार)

बैठक संख्या: ६० औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : दिनको ११.०० बजे

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६० औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | चेतनाथ अर्याल | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| क्र सं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/८ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/२/८ को बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।

२. आर्थिक वर्ष २०८२/८३ को श्रोत अनुमान तथा बजेट सीमा र मार्गदर्शन सम्बन्धमा ।

- आन्तरिक आय अनुमान सम्बन्धमा ।
- कुल बजेट अनुमान सम्बन्धमा ।
- वडास्तरीय आयोजना तथा कार्यक्रमको बजेट सीमा सम्बन्धमा ।
- विषय/क्षेत्रगत बजेट सीमा सम्बन्धमा ।
- बजेटका सिद्धान्त, प्राथमिकता र मार्गदर्शन सम्बन्धमा ।

३. औषधी खरिद सम्बन्धमा ।

४. पूर्ण खोप सुनिश्चितता र दिगोपना नगरपालिका घोषणा सम्बन्धमा ।

५. आयोजना/कार्यक्रम संशोधन/ब्रेकडाउन सम्बन्धमा । (वडा नं ७, ४,३ )

६. जातिय विभेद न्यूनीकरण सम्बन्धी बृत्तचित्र निर्माण सम्बन्धमा ।

७. IEE को कार्यसूची र प्रतिवेदन अध्ययन प्राविधिक समिति गठन सम्बन्धमा ।

८. राजश्वसंग सम्बन्धित विषयहरुको सम्बन्धमा ।

- ढुंगा संकलन तथा बिक्रीको अनुमति सम्बन्धमा ।
- सहजी बसपार्कको पार्किङ शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
- कपुरिश्वर पार्कको सम्बन्धमा ।
- कवाडी करको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
- राजश्व परामर्श समितिका निर्णय सम्बन्धमा ।

९. आयोजनाहरुको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

- उदिपुर-नयाँगाउँ सडक/संघीय समपुरक
- अस्पताल चोक-मर्स्याङ्दी पुल-१० नं वडा कार्यालय सडक/प्रदेश समपुरक
- तमु संग्रहालय भवन निर्माण बेनपा-१ संघीय सशर्त

१०. भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा ।

११. विविध

- नगरस्तरीय ज्येष्ठ नागरिक मञ्च गठन सम्बन्धमा । (जेठ १९ गते सोमबार)
- मानव सेवा आश्रमको सम्बन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/८ को बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८२/१/२५ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा छलफल गरियो ।

**निर्णय नं २ : आन्तरिक आय अनुमान सम्बन्धमा ।**

राजश्व परामर्श समितिको मिति २०८२/०१/२२ गतेको बैठक र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२/०२/०५ गतेको बैठकको निर्णय समेतका आधारमा आगामी आर्थिक वर्ष २०८२/८३ को यस बेसीशहर नगरपालिकाको आन्तरिक आय अनुसूची १ वमोजिम अनुमान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : कुल आय अनुमान सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२/०२/०५ गतेको बैठकको निर्णय समेतका आधारमा आर्थिक वर्ष २०८२/८३ को यस बेसीशहर नगरपालिकाको कुल आय अनुसूची-२ वमोजिम अनुमान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ : वडास्तरीय आयोजना तथा कार्यक्रमको बजेट सीमा सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२/०२/०५ गतेको बैठकको निर्णय समेतका आधारमा यस बेसीशहर नगरपालिकाका स्थित वडाहरुको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमको वडागत सीमा अनुसूची-३ अनुसार कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : विषय/क्षेत्रगत बजेट सीमा सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२/०२/०५ गतेको बैठकको निर्णय समेतका आधारमा आगामी आर्थिक वर्ष २०८२/८३ को नगरस्तरीय तथा वडास्तरीय बजेट तथा कार्यक्रमको (सशर्त/समपुरक/विशेष अनुदान बाहेक) विषय/क्षेत्रगत बजेट सीमा अनुसुची-४ वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : बजेटका सिद्धान्त, प्राथमिकता र मार्गदर्शन सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२/०२/०५ गतेको बैठकको निर्णय समेतका आधारमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका सिद्धान्त र प्राथमिकता सहितको मार्गदर्शन अनुसूची-५ वमोजिम निर्धारण गरी वडा तथा विषयगत शाखाहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७ : औषधी खरिद सम्बन्धमा ।**

आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि उपलब्ध गराउनु पर्ने आवश्यक औषधीको सम्बन्धमा चालु आ.व.मा ई बिडिङ प्रक्रियाबाट औषधी खरिद कार्य सम्पन्न भै सकेको तर स्वास्थ्य संस्थाहरुमा

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/८ को बैठक

निशुल्क वितरण गरिने औषधीहरुको अभाव भएको पाइएको हुँदा औषधी खरिद शिर्षकमा मौज्दात रहेको बजेटबाट इ विडिङबाट खरिद गरिएकै दररेटमा आवश्यकीय औषधी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : पूर्ण खोप सुनिश्चितता र दिगोपना नगरपालिका घोषणा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको सबै ११ वटै वडाहरुमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्य सम्पन्न भै सकेको, यस नगरपालिका भित्र रहेका सबै बालबालिकाहरुले नियमित पाउनु पर्ने खोप प्राप्त गरेका र कुनै पनि बालबालिका नियमित खोपबाट वञ्चित नभएको पाइएको हुँदा यस बेसीशहर नगरपालिकालाई आज मिति २०८२/२/८ का दिन पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.९: आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

देहायः

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.भलुवाटार-सुनखोला सडक स्तरोन्नति, बेनपा-७ | ३ लाख | १.भलुवाटार-सुनधारा सडक स्तरोन्नति, बेनपा-७ | ३ लाख |
| २.मैगुमदेवी मन्दिर पुनर्निर्माण, बेनपा-७ | १ लाख | २.मैगमु सिंढी निर्माण, बेनपा-७ | १ लाख |
| ३.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | १० लाख ५६ हजार ५७५ | ३. अभिलेख व्यवस्थापनको लागि ल्यापटप खरिद, बेनपा-७ | १ लाख |
| ४. पचास प्रतिशत अनुदानमा कृषि विऊ विजन वितरण कार्यक्रम, बेनपा-७ | १ लाख | ४.मैगुम रेलिङ निर्माण, बेनपा-७ | १ लाख |
| ५.फुटकर योजना तथा कार्यक्रम, बेनपा-४ | ५ लाख ५ हजार ४०० | ५.१ भविष्य उज्वल आमा समुह संरक्षणको लागि ग्याविन जाली खरिद, बेनपा-४ | ५० हजार |
| | | ५.२ घ्याब्रे गुरुहरुको पोशाक तथा बाजा सामाग्री खरिद, बेनपा-४ | ५० हजार |
| | | ५.३ नयाँ भर्ना भएका विद्यार्थीहरुलाई विद्यालय पोशाक खरिद, बेनपा-४ | १० हजार |
| | | ५.४ स्क्यानर उपकरण खरिद, बेनपा-४ | ११ हजार ५ सय |
| | | ५.५ ग्याविन जाली खरिद, बेनपा-४ | १० हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/८ को बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | ५.६ शवदाह स्थल निर्माण, बेनपा-४ पिर्सिङ आर्यघाट<br>५.७ मोटरबाटो सफाई, बेनपा-४ | ४० हजार<br>२८ हजार ९ सय |
| ६.विविध खर्च, बनेपा-४ | ८ हजार ३ सय २४ | ६.राष्ट्रिय परिचय पत्र वितरण गर्न आउने टोलीलाई खाजा/खाना,बेनपा-४ | ८ हजार ३ सय २४ |
| ७.विविध कार्यक्रम खर्च, बेनपा-५ | ५ लाख ५७ हजार | ७.१ सडक संकेत बोर्ड निर्माण, बेनपा-५<br>७.२राष्ट्रिय परिचय पत्र वितरण खाना खाजा र यातायात,बेनपा-५ | ८० हजार<br>३६ हजार |

**निर्णय नं.१०: जातिय विभेद न्यूनीकरण सम्बन्धी बृत्तचित्र (डकुमेन्ट्री) निर्माण सम्बन्धमा ।**

चालु आ.व.को सामाजिक विकास क्षेत्र अन्तर्गत दलित लक्षित कार्यक्रमतर्फ जातिय विभेद न्यूनीकरण सम्बन्धी बृत्तचित्र निर्माणको लागि रु. ४ लाख विनियोजन भएको र यस सम्बन्धी सेवा खरिदको लागि सूचना प्रकाशन गरी वृत्तचित्र निर्माण गर्न इच्छुक र सक्षम व्यक्ति/संस्था/फर्म/कम्पानी/समितिबाट प्रस्तावना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ : IEE को कार्यसूची र प्रतिवेदन अध्ययन प्राविधिक समिति गठन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदिहरुमा नदिजन्य पदार्थ र अन्य क्षेत्रहरुमा ढुंगा ग्राभेल उत्खनन्, संकलन तथा विक्री सम्बन्धी कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न छनौट भएको सेवा प्रदायक संस्थाले मिति २०८२/२/१ मा स्वीकृतिको लागि पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूचीको प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण पश्चात आवश्यक पुनरावलोकन सहित स्वीकृतिको लागि आवश्यक राय सिफारिश गर्न बेसीशहर नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा १४ अनुसार देहाय वमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय:**

श्री शम्भु प्रसाद घिमिरे, संयोजक योजना शाखा प्रमुख
श्री विशाल ढकाल, सदस्य, विषय विज्ञ,प्राविधिक शाखा प्रमुख
श्री सुशिला श्रेष्ठ , सदस्य सचिव, राजश्व शाखा प्रमुख

**निर्णय नं.१२ : ढुंगा संकलन तथा विक्रीको अनुमति सम्बन्धमा ।**

(क)बेसीशहर नगरपालिका क्षेत्रभित्र पर्ने तपसिलमा उल्लेखित निजी तथा सार्वजनिक जग्गामा भएको ढुंगा संकलन गरी विक्रीको अनुमतिको माग भई आएकोले मिति २०८२/२/७ को राजश्व परामर्श

गुमान सिंह अर्याल
नगर प्रमुख

समितिको बैठकको निर्णय सिफारिश समेतको आधारमा प्राप्त प्राविधिक परिमाण अनुसारको भ्याट सहितको रकम यस कार्यालयमा जम्मा गरे पश्चात विक्री/निकासी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| ब्यक्ति वा संस्था | संकलन क्षेत्र | घन मिटर | घनफिट | प्रति घन फिट दर | हुन आउने रकम | मू.अ. कर (भ्याट १3%) | अग्रीम आय कर (१.५%) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| राजु लामिछाने दोर्दी-२ | त्रिवेणीघाट , चिती | ९३.५० | ३२९८.६८ | ९.०० | २९६८८.१२ | ३८५९.४६ | ४४५.३२ | ३३९९२.९० |
| चित्र बहादुर गुरुङ् बेनपा-११ | चित्रे पहरा, दोर्दीखोला, चिती | ४१.९५ | १४८०.०० | ९.०० | १३३१९.९६ | १७३१.६० | १९९.८० | १५२५१.३६ |
| श्री लमजुङ निर्माण सेवा, राईनास ८, लमजुङ (ढुंगा) | बेसीशहर नगरपालिका ९, बिम्दा | १२७.५० | ४४९८.२० | ९.०० | ४०४८३.८० | ५२६२.८९ | ६०७.२६ | ४६३५३ |

(ख) बेसीशहर नगरपालिका वडा नं १ स्थित आर्मी ब्यारेक पुछार अँधेरी खोलामा गत बर्षको बाढीले रोडा, ढुंगा, ग्राभेल थुप्रिन गएको र ब्यारेकलाई समेत क्षति पुग्न गएको हुँदा अव आउने वर्षामा ब्यारेकमा हुनसक्ने थप क्षति रोक्नको लागि उक्त खोलाको वहावलाई सहज रुपमा मर्स्याङ्दी नदिसम्म निकास दिने व्यवस्था मिलाउने सन्दर्भमा थुप्रिन गएको मालबस्तु हटाउनको लागि परिमाण एकिन गरी विक्री गर्नुपर्ने भएकोले मालबस्तुको प्राविधिक रुपमा नापजाँच गर्दा १२४७ घन मिटर (४३८१७ घन फिट) एकिन हुन आएको हुँदा तोकिएको राजश्व लिई ईच्छुक व्यक्ति/फर्म/समुहलाई उक्त परिमाण मध्येबाट निजले माग गरेजति परिमाणको मालबस्तु संकलन र विक्रीको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ : सहजी बसपार्कको पार्किङ शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।**

बेशीशहर नगरपालिका-७ स्थित सहजी बसपार्कमा पार्किङ शुल्क उठाउने कार्यको लागि बिभिन्न मेला महोत्सब, खेलकुंद प्रतियोगिताहरुमा पार्किङ हुने सवारी साधनहरुको समेत पार्किङ शुल्क उठाउने गरी बेसीशहर नगरपालिकाको आर्थिक ऐन २०८१ ले तोकेको दररेट नै कायम हुने गरी आगामी आ.व. २०८२।८३ का लागि न्यूनतम ठेक्का अंक रु.३,००,०००।- (तीन लाख) कायम गरी ठेक्का प्रकृयामा लैजाने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिका कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/८ को बैठक

**निर्णय नं.१४ : कपुरेश्वर पार्कको सम्बन्धमा ।**

बेशीशहर नगरपालिका-८ स्थित कपुरेश्वर पार्कको सञ्चालन र व्यवस्थापनको सम्बन्धमा नगर कार्यपालिकाको मिति २०८१/०७/११ को निर्णय नं ३ वमोजिम पटक पटक सूचना प्रकाशन गरिएकोमा व्यक्ति/फर्म/संस्थाबाट कुनै पनि प्रस्ताव पर्न नआएको हुँदा उक्त निर्णयको सट्टा देहाय अनुसार हुने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**देहायः**

(क) सेवा प्रदायकले कपुरेश्वर पार्क भित्र निर्माण भएको भवनमा क्यान्टिन सञ्चालन गर्ने तथा पार्कको नियमित रुपमा रेखदेख र संरक्षण गर्ने ।

(ख) पार्क भित्र प्रवेशको लागि कोही कसैसंग पनि प्रवेश शुल्क लिन नपाउने ।

(ग) नगरपालिकालाई बुझाउनु पर्ने बार्षिक न्यूनतम शुल्क रु.६० हजार कायम गर्ने ।

(घ) सेवा प्रदायकको शुरु कार्यवधि ३ वर्ष कायम गर्ने र कार्याविधि थप गर्न सकिने ।

(ङ) सम्झौताको उल्लंघन गरेमा निर्णय गरी सूचना दिई हटाउन सकिने ।

(च) पानी तथा बिजुलीको महशुल सेवा प्रदायकले बुझाउने ।

**निर्णय नं.१५ : कवाडी करको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।**

बेशीशहर नगरपालिका क्षेत्रभित्र उत्पादन भई अन्य क्षेत्रहरुमा निकासी हुने जडिबुटी, कवाडी तथा जीवजन्तुहरुमा लगाईने निकासी कर उठाउने कार्यको लागि बेसीशहर नगरपालिकाको आर्थिक ऐन २०८१ ले तोकेको दररेट नै कायम हुने गरी आगामी आ.व. २०८२।८३ का लागि न्यूनतम ठेक्का अंक रु.३,००,०००।-(तीन लाख) कायम हुने गरी ठेक्का प्रकृयामा लैजाने निर्णय गरियो।

**निर्णय नं.१६ : राजश्व समितिका निर्णय सम्बन्धमा ।**

राजश्व परामर्श समितिको मिति २०८२/२/७ गतेको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७ : आयोजनाहरुको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।**

चालु आ.व. मा सञ्चालित देहायका आयोजनाहरुको ठेक्का सम्झौताको म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

(क) उदिपुर-नयाँगाउँ सडक निर्माण आयोजनाः २०८२ असार २०

(ख) अस्पताल चोक-मर्स्याङ्दी पुल-१० नं वडा कार्यालय सडक निर्माण आयोजनाः २०८२ असार १०

(ग) तमु संग्रहालय भवन निर्माण बेनपा-१ २०८२ असार २२

**निर्णय नं.१८ : भेरियसन आदेश स्वीकृत सम्बन्धमा ।**

यस कार्यालयद्वारा ठेक्का बन्दोबस्त भई कार्यान्वयनको क्रममा रहेको उदीपुर नयागाउँ सडक स्तरोन्नति (ठेक्का नं. Besishaharmun/Works/NCB/06/079/80) मा निर्माण व्यवसायी श्री Machhapuchre-Surya JV सँग मिति २०८०/०३/१९ मा रु. ५,९६,३६,६८९.६३ (भ्याट र पी.एस सहित) मा भएको सम्झौताअनुसार निर्माण कार्यान्वयनको क्रममा भारि बर्षातको कारणले बाढीपहिरो, निर्माणस्थलको

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/८ को बैठक

अवस्थागत परिवर्तन, भू-सुरक्षाको आवश्यकता तथा अन्य कारणहरूले केही संरचनाहरू (ग्याबियन, रिटेनिङ वाल, ड्रेनेज, फर्मवर्क आदि) को परिमाणमा वृद्धि भएको, केही थप कार्यहरु गर्नुपरेको र केही कामहरुको परिमाण घटबढ हुने देखिएको हुँदा संशोधित सम्झौता रकम रु ६,१२,०८,८०२.२२ कायम भई कुल सम्झौता रकमको २.६४% अर्थात् रु १५,७१,९१७.१४ को वृद्धि देखिएको र संशोधित लागत स्वीकृत बजेटको सीमा भित्र नै रहेकाले उक्त भेरियसन आदेश स्वीकृत गरी सो अनुसारको कार्य अघि बढाउने निर्णय गरियो।

**निर्णय नं.१९ : नगरस्तरीय ज्येष्ठ नागरिक मञ्च गठन सम्बन्धमा**

"बेसीशहर नगरपालिकाको ज्येष्ठ नागरिक मञ्च गठन तथा सञ्चालन कार्यविधि २०८०" वमोजिम मिति २०८१ ज्येष्ठ १९ गते नगरस्तरीय ज्येष्ठ नागरिक मञ्चको गठन गरी बैठक राख्ने साथै वडास्तरीय ज्येष्ठ नागरिक मञ्च गठन गर्न बाँकी रहेका वडाहरुले अविलम्ब गठन गरी सबै वडाहरुले वडास्तरीय मञ्चको संयोजक/अध्यक्ष लाई सो मितिमा नगरस्तरीय ज्येष्ठ नागरिक मञ्च गठन र गठन लगतै हुने बैठकमा सहभागी गराउने निर्णय गरियो ।

**निर्णय नं.२० : मानव सेवा आश्रमको सम्बन्धमा ।**

नगर कार्यपालिकाको मिति २०८१/१०/२८ को बैठकको निर्णयानुसार बेसीशहर नगरपालिका-७ मा अवस्थित मानव सेवा आश्रममा रहेका सवै आश्रितहरुको स्वास्थ्य विमा गराउने कार्यको लागि आन्तरिक आयको फुटकर शिर्षकबाट रु.१ लाख विनियोजन भएकोमा प्राविधिक कारणवश स्वास्थ्य विमा गराउन नसकिएको हुँदा उक्त रकमबाट आश्रितहरुले नियमित रुपमा सेवन गर्ने औषधी खरिदको लागि खर्च गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख